REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 13.11.2024

ओडिएफ

केन्द्रीय जलशक्ति मन्त्री श्री सी आर पाटिलले मार्च 2025 सम्म पूवोत्तर क्षेत्रमा सम्पूर्ण स्वच्छता हासिल गर्नमा जोड़ दिनुभएको छ।

उहाँ हिजो आसामको गुवाहाटीमा स्वच्छ भारत मिशन ग्रामीणको समीक्षा बैठकको अध्यक्षता गर्दैहुनुहुन्थ्यो।

यसमा बताइए अनुसार पूर्वोत्तरका एकाउन्न प्रतिशत (51%)गाउँहरूलाई खुल्ला शौच मुक्त मोडल घोषित गरिएको छ। यीमध्ये शत प्रतिशत सफलता हासिल गरेर सिक्किम अग्रणी स्थानमा रहेको छ।

मन्त्रीले भन्नुभयो पूर्वोत्तर क्षेत्रलाई देशमा ग्रामीण स्वच्छताको असल उदाहरण बनाउन बितेको दशकमा गरिएको प्रगति अघि बढाउन आवश्यक छ।

फ्रान्स एम्बासेडर

भारतमा फ्रान्सका राजदूत श्री थियेरी म्याथ्यूले आज बुल्बुले स्थित हिमालय प्राणी उद्यानको भ्रमण गर्नुभयो।

यस अवसरमा राज्यको बन तथा पर्यावरण विभागका सचिव डा. प्रदीप कुमारले उहाँलाई मेरो रूख मेरो सन्तति र my child from the wild जस्ता हिमालय प्राणी उद्यान र बन विभागका परियोजनाहरूबारे जानकारी दिनुभयो।

My child from the wild, हिमालय प्राणी उद्यानद्वारा पहल गरिएको एउटा प्राणीलाई अप्नाउने कार्यक्रम हो र वन संरक्षणमा मानिसहरूलाई संलग्न गराउनु यसको उद्देश्य रहेको छ।

महावाणिज्यदूत कार्यालयले रेड पाण्डा अनुसन्धान केन्द्रसित मिलेर रेडपाण्डा संरणक्षको प्रयासमा योगदान दिन चासो देखाएको छ र my child from the wild  कार्यक्रम यसमा सहायता प्राप्त हुने बताइएको छ।

## डि एल सी

केन्द्रीय पेन्सन तथा पेन्सनभोगी कल्याण विभागले अहिले राष्ट्रव्यापी डिजिटल जीवन प्रमाणपत्र अभियान 3.0 (three point zero)संचालन गरिरहेछ।

यसै महीना पहिलो तारीकदेखि शुरू भएको एक महीने लामो कार्यक्रम तीस नवम्बरमा समाप्त हुनेछ।

कार्यक्रम अन्तर्गत सिक्किमभरिका लगभग एक सय नवासी भारतीय पेमेन्ट ब्याङक्हरूमा गत सोमबारदेखि आयोजित दुई दिवसीय शिविर हिजो सम्पन्न  भयो।

भारतीय स्टेट ब्याङ्क एसबिआईले गान्तोक स्थित एसबिआई मुख्य शाखा, देउराली बजार, जिरो पोइन्ट, तादोङ र सिङताम शाखा लगायत कैयौं स्थलहरूमा शिविर आयोजन गर्यो।

केन्द्रीय पेन्सन  तथा पेन्सनभोगी विभागका वरिष्ठ सल्लाहकार श्री मनोज कुमार तिवारीले हिजो र अस्तीका दिन लाइफ सर्टिफिकेट बुझाउनका लागि अनुसार प्रमाणीकरण प्रौद्योगिकीको प्रयाग सम्बन्धमा मार्गदर्शन गर्न भारतीय स्टेट ब्याङकका विभिन्न शाखाहरूको भ्रमण गर्नुभयो।

केन्द्र सरकारका पेन्सन भोगीहरूका निम्ति जीवन बाँच्नमा सुगम बनाउनका लागि विभागले 2021 सालमा अनुहार प्रमाणीकरण मार्फत डिजिटल लाइफ सर्टफिकेट बुझाउने व्यवस्था शुरू गरेको छ।

यस प्रौद्योगिकीको माध्यमद्वारा पेन्सनधारकरूले कुनै पनि Android smart phone प्रोगय गरेर लाइफ सर्टिफिकेट बुझाउन सक्छन्।

## धरती अब मेघा ईभेन

केन्द्रीय जनजाति मन्त्रालयले जिल्ला प्रशासनिक केन्द्र पाकिम र समाज कल्याण विभागको देखरेखमा पाकिममा 'धरती अब कार्यक्रम' आयोजन गर्नेभएको छ।

जिल्लाधीश श्री रोहन अगवानेको अध्यक्षतामा आज  यसको तयारी बैठक बस्यो।

कार्यक्रमको प्रमुख भाग जनजाति गौरव दिवस आँउदो शुक्रवारदेखि शुरू भएर छब्बीस नवम्वरमा समाप्त हुनेछ।

यसमा विभिन्न गतिविधिहरूको माध्यमले भारतका जनजाति समुदायहरूको धनी सांस्कृतिक विरासत प्रदर्शन गरिनेछ।

चिकित्सा शिविर आधार अध्ययन सेवा पारम्परिक नृत्य र अभिनन्दन कार्यक्रम यसका आकर्षण रहनेछन्।

## वर्कसप

पूर्वोत्तरका लागि नवोन्मेष तथा स्टार्टअप पर्याव्यवस्थामाथि गान्तोकमा आयोजित दुई दिन लामो कार्याशाला आज सम्पन्न भयो।

राज्यको योजना तथा विकास विभागसित मिलेर यसको आयोजना नीति आयोगले गरेको थियो।

सिक्किम लगायत पूर्वोत्तरका सबै राज्यहरूले पूर्वोत्तरका अन्तर्राज्य नवोन्मेष तथा उद्यमिता अभियानमा सहभागी बनेर स्टार्टअप सम्वन्धमा विविध विचार प्रस्तुत गरे।

## पिएम जन औषधि

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज देशभरिका विभिन्न रेलवे स्टेशनहरूमा अठारवटा प्रधानमन्त्री भारतीय जन औषधि केन्द्रहरूको शुभारम्भ गर्नुभयो।

उहाँले बिहारको दरभंगाबाट भिडियो कन्फरेन्सिङ्को माध्यमद्वारा बाह्र हजार करोड़ रूपियाँभन्दा अधिकका अन्य विकासमूलक परियोजनाहरूसित यी केन्द्रहरूको उद्घाटन गर्नुभयो। यी केन्द्रहरूले यात्रीहरूका लागि रेलवे स्टेशनहरू सस्तो औषधिहरूको उपलब्धता सुनिश्चित गर्नेछ।

यस अवसरमा बोल्दै प्रधानमन्त्रीले भन्नुभयो सरकारले देशमा स्वास्थ्य ढाँचाहरूलाई सुदृढ बनाउनका लागि समग्र दृष्टिकोणसित काम गरिरहेछ।

उहाँले भन्नुभयो सरकारको ध्यान मानिसहरूलाई सस्तो र निशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउनु हो।

प्रधानमन्त्रीले भन्नुभयो अघिल्ला पाँच वर्षमा पचहत्तर हजार नयाँ मेडिकल सीटहरू थपिनेछन्।

उहाँले भन्नुभयो आर्थिक दृष्टिले कमजोर वर्गका लागि देशमा एक लाख पचास हजार भन्दा धेरै आयुष्मान आरोग्य मन्दिर खोलिएका छन्।

## फुटबल

गान्तोक हिमालयन स्पोर्टङ क्लब चालिसौं अखिल भारतीय राज्यपाल स्वर्णकप अन्तर्राष्ट्रिय फुटबल टुर्मामेण्टको क्वार्टर फाइनलमा पुगेको छ।

गान्तोकको पाल्जोर स्टेडियममा आज भएको रोमान्चक प्री क्वार्टर फाइनल म्याचमा गृह टीमले सुदेभा फुटबल क्लब दिल्लीलाई टाइब्रेकरमा चारको विरूद्ध पाँच गोलले परास्त गर्यो।

निर्धारित समय पूरा हुँदा दुवै टीम एक एक गोलगरी बराबरीमा थिए। यसै गरी तीस मिनटको अतिरिक्त अवधि पनि गोलबिहीन रहेपछि टाइब्रेकरमा गान्तोक हिमालयन स्पोर्टिङ क्लबले चार र दिल्लीको टीमले तीन गोल गरे।

भोलि तेस्रो प्री क्वार्टर म्याचमा खजल भेगयार फुटबल क्लब, मिजोराम र नर्थइष्ट युनाइटेड फुटबल क्लबवीच भीडन्त हुनेछ।